शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः १० मितिः २०८३।०७।११

भाग-१

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन सम्बन्धी ऐन (दोश्रो संसोधन), २०८३** जारी गरेको छ ।

शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन सम्बन्धी ऐन (दोश्रो संसोधन), २०८३

शिवराज नगरपालिकाको व्यवसाय सञ्चालन ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले शिवराज नगरसभाबाट देहाय अनुसार संसोधन गरिएको छ।

दफा/ उपदफा/अनुसूची	साविक व्यवस्था	अब कायम भएको व्यवस्था	संसोधन/थप/ खारेज
प्रस्तावना	शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता नविकरण नियमन र खारेजी तथा अन्य व्यवसायहरुको अभिलेखिकरण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम नगरपालिकाले यो ऐन बनाएको छ।	शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता नविकरण नियमन र खारेजी तथा अन्य कार्यालबाट दर्ता इजाजत लिएका व्यवसायहरुको व्यवसाय दर्ता अभिलेखिकरण र व्यवसाय करलाई व्यवस्थित गर्न प्राइभेट फर्म दर्ता ऐन २०७६ र प्राइभेट फर्म दर्ता नियमावली २०७६ मा व्यवस्था भए बमोजिम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले।	संशोधन र थप
दफा २ को (क) परिभाषा	ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ र व्यवसाय सञ्चालन ऐन २०८२ सम्झनु पर्छ।	ऐन र नियमावली भन्नाले अन्नत शुल्क ऐन, २०५८ मदिरा ऐन, २०३१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ व्यवसाय सञ्चालन ऐन, २०८२ र नियमावली भन्नाले लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७६ सम्झनु पर्छ।	थप
दफा ३ को उपदफा १	नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहाने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ।	नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहाने व्यक्ति वा संस्थाले रु पाँच लाख सम्मको प्राइभेट फर्म दर्ता लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ६ अनुसार गर्ने जसको प्रमाण पत्र अनुसूची ४ क को ढाँचामा उपलब्ध गराउने र अन्य कार्यालयमा दर्ता भई इजाजत लिएका उद्योग व्यापार प्राइभेट फर्म लगायतका सम्पूर्ण व्यवसायहरुले स्थानीय निकायमा व्यवसाय दर्ता गर्नु पर्नेछ र जसको प्रमाण पत्र अनुसूची ४	संशोधन र थप

		(क) को ढाँचामा उपलब्ध गराई अभिलेखकिकरण गर्ने	
दफा २२	**दण्ड सजाय सम्बन्धी व्यवस्थाः** दफा २१ को उपदफा १ बमोजिम र यस नगरपालिका भित्र विभिन्न निकमयमा दर्ता भई सञ्चालनमा भएका साथै दर्ता नै नभई सञ्चालनमा रहेका सबै प्रकारका उद्योग व्यवसाय कानून अनुसार शिवराज नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्नेछ अन्यथा देहाय बमोजिम दण्ड सजाय हुनेछः	**दण्ड जरिवाना सम्बन्धी व्यवस्था** (१) नियमित कर तिर्नु पर्ने दायित्व भएको करदाताबाट कुनै पनि कर नियमित अशुली नभई बक्यौता हुन आएमा प्रति वर्ष १० प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने छ। (२) बजार अनुगमनका क्रममा दण्ड जरिवाना गर्दा सम्बन्धित व्यवसायीलाई जरिवाना रकम दाखिलाको लागि दिने पत्रको ढाँचा । (२) उद्योग व्यापार व्यवसाय इजाजत तथा स्थायी लेखा नम्बर लिएका तर नगरपालिकामा व्यवसाय दर्ता नगरेका व्यवसायीहरुले इजाजत लिएको मिति देखि गणना गरी व्यवसाय कर अशुल उपर गरिनेछ। (३) दफा २१ को उपदफा १ बमोजिम र यस नगरपालिका भित्र विभिन्न निकायमा दर्ता भई सञ्चालनमा भएका साथै दर्ता नै नभई सञ्चालनमा रहेका सबै प्रकारका उद्योग व्यवसाय कानून अनुसार शिवराज नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्नेछ अन्यथा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछः	संशोधन भई थप उप दफा १ लाई उपदफा ३ मा लगिएको
विविध दफा ३३		प्राइभेट फर्म दर्ता ऐन र नियमावलीः १ प्राइभेट फर्म दर्ता ऐन र नियमावली भन्नाले लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ६ र लुम्विनी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली २०७६ को दफा ८ मा भएको व्यवस्था बुझिन्छ।	थप (साविक दफा ३३ लाई दफा ३४ बनाई दफा ३३ लाई प्राइभेट दर्ता ऐन र नियमावली राखिएको।)
		दफा ३३ बचाउः १ यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।	साविकको दफा ३३ लाई दफा ३४ बनाईएको।

अनुसूची ४ विवरण		फर्म धनीको नाम थर फर्म धनीको नागरिकता नं फर्म धनीको ठेगाना विधुत शक्ति (किलोवाट) जनशक्ति	संशोधन र थप
अनुसूची ४ (क)		अन्य कार्यालयमा दर्ता तथा इजाजत लिई सञ्चालन रहेका उद्योग तथा व्यवसायको दर्ता प्रमाण पत्रको ढाँचा ।	थप

शिवराज नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

फोटो

प्रा.फ.द.नं.:

उद्योग दर्ता प्रमाण-पत्र

देहाय बमोजिमको विवरण भएको फर्म/उद्योग प्राइभेट दर्ता ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ।

प्राइभेट फर्मधनीको नाम तथा ठेगाना:

प्राइभेट फर्मको नाम:

फर्मको ठेगाना:

फर्मधनीको नागरिकता प्रमाणपत्र नं.: **मितिः** **जारी जिल्लाः**

कुल पूँजी रु. **स्थिर पूँजी रु.** **चालु पूँजी रु.**

फर्मको उद्देश्यः

वार्षिक उत्पादन क्षमता (रकम/परिमाण):

विद्युत शक्तिः **रोजगारी संख्याः**

उद्योग सञ्चालन गर्ने अवधिः

यो उद्योग लुम्बिनी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा १५(१) को खण्ड ..... सोहि दफाको उपदफा(२) को खण्ड..... मा उल्लेखित प्रकृतिको उद्योग दर्ता गरी दफा ५ बमोजिम यो प्रमाण-पत्र जारी गरिएको छ।

मितिः

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

फोटो

प्रा.फ.द. नं.: .....

प्राइभेट फर्म दर्ताको प्रमाण पत्र

निम्न लेखिएको विवरण भएको ..... फर्मलाई सम्वत ..... मा प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम रजिष्टर गरी यो प्रमाण-पत्र दिईएको छ।

प्रोप्राइटरको नाम थर:

ठेगाना:

प्रोप्राइटरको नागरिकता नं.:

फर्मको ठेगाना:

पूँजी:

फर्मको उद्देश्य:

कारोबार:

फर्मको शाखा:

.....

१. फर्मले कारोबार गर्ने मुख्य चिज वस्तुको विवरण र पालना गर्नुपर्ने अन्य शर्तहरू यस प्रमाण पत्र साथ संलग्न पत्रमा उल्लेख गरिए बमोजिम गर्नुपर्नेछ।

२. यस कम्पनीको उद्देश्य कार्यान्वयनको लागि अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरेको मानिने छैन।

३. सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ।

४. प्राइभेट फर्मको धनीले आफ्नो फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति स्पष्ट रूपमा उल्लेख भएको साइनबोर्ड र आफुले कारोबार गरे बमोजिमको मुल्य सूची कारोबार स्थलमा राख्नुपर्नेछ।

५. व्यावसायिक कारोबार गर्दा अनिवार्य रूपमा खरिद बिल/ बिक्री बिल जारी गर्नु पर्नेछ।

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

फोटो

प्रा.फ.द.नं.:

साझेदारी दर्ता प्रमाण-पत्र

देहाय बमोजिमको विवरण भएको उद्योग साझेदारी दर्ता ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ।

साझेदारी फर्मको नामः

उद्योगको ठेगानाः

कुल पूँजी रु. **स्थिर पूँजी रु.** **चालु पूँजी रु.**

फर्मको उद्देश्यः

वार्षिक उत्पादन क्षमता (रकम/परिमाण):

विद्युत शक्तिः **रोजगारी संख्याः**

उद्योग सञ्चालन गर्ने अवधिः

क्र.सं.	नाम/थर	ठेगाना	ना.प्र.प.नं.	मोबाइल नं
१.				
२.				

यो उद्योग लुम्बिनी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा १५(१) को खण्ड ..... र सोहि दफाको उपदफा(२) को खण्ड..... मा उल्लेखित प्रकृतिको उद्योग दर्ता गरी दफा ५ बमोजिम यो प्रमाण-पत्र जारी गरिएको छ।

.....

मितिः

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

फोटो

प्रा.फ.द.नं.:

प्रा.लि.दर्ता प्रमाण-पत्र

श्री ..... लाई कम्पनी ऐन, २०६३ को दफा ५(१) बमोजिम कम्पनीको उद्देश्य अनुसार कारोवार गर्ने गरी अनुमतिका लागि मिति ..... मा दर्ता भएकोले यो प्रमाण-पत्र दिइएको छ।

कम्पनीको नाम :-
उद्योगको ठेगाना :-
नागरिकता नं. :- **जारी जिल्ला :-**
उद्योगको स्तर :-
उद्योगको वर्ग :-
कि.नं :-
पुँजी लगानी : स्थिर :- रु.१)
चालु :- रु.
कुल :- रु.
उद्योगको उद्देश्य :-
वार्षिक उत्पादन क्षमता :- रु
विद्युत शक्ति :-
प्रथम सञ्चालकको नाम :-
ठेगाना :-
अधिकृत पुँजी :-
जारी पुँजी :-
प्रक्रियाको प्रकार :-
कम्पनीको मुख्य उद्देश्य :-
दर्ता मितीः-

यो प्रा.लि. कम्पनी, औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, २०७५को को दफा ५(१) अनुसार अनुमतिका लागि दर्ता गरिएको छ ।

नविकरण विवरण

करदाता कोडः

नविकरण		भुक्तानी विवरण रकम रु.					दस्तखत		कै.
मिति	मान्य रहने अवधि	राजश्व रकम	छुट	जरिवाना	जम्मा भुक्तानी	रसिद नं.	फाँटवाला	अधिकृत	

मितिः .....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवराज नगरपालिका नगर कार्यापालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु।

विषयः प्राइभेट फर्म (उद्योग समेत) रजिष्ट्रेसन गर्ने बारे।

महोदय,

तल लेखिए बमोजिमको उद्योग, व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट फर्म (उद्योग) मेरो नाममा रजिष्ट्रेसन गराउन इच्छुक भएकोले रजिष्ट्रेसनको लागि आवश्यक भएको कागजातहरू यसै साथ संलग्न गरी रु १०/- को टिकट टाँसी यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

फर्म तथा पूँजीको विवरण

१) फर्मको पूरा नाम (नेपालीमा):
२) फर्मको पूरा ठेगानाः
३) फर्ममा लगाउने पूँजी रु. (ब्लक नं., टेलिफोन नं वडा सहित):
४) फर्ममा लगाउने पूँजी (रु. अंक अक्षर दुवैमा):
चलु पूँजीः स्थिर पूँजीः जम्मा पूँजीः
५) फर्मको उद्देश्यः
६) फर्मले कारोबार गर्ने मुख्य विवरणः

प्रोप्राइटर तथा पारिवारिक विवरण

७) प्रोप्राइटरको पूरा नाम तथा ठेगानाः
८) प्रोप्राइटरको तीन पुस्ते नाम ठेगानाः
क) प्रोप्राइटरको बाजेको नाम ठेगानाः
ख) प्रोप्राइटरको बाबुको नाम ठेगानाः
ग) प्रोप्राइटर विवाहित महिला भए पतिको नाम ठेगानाः —

साक्षी

दरखास्तवालाको माथि लेखिए बमोजिमको व्यहोरा
दुरुस्त छ भनि सनाखत गर्नेकोः
पूरा नामः
पूरा ठेगानाः —
नागरिकता नंः —
जिल्लाः —

(नोटः उल्लेखित विवरण भएको फर्म दर्ता गरी प्रमाण-पत्र जारी गर्दा तोकिएको सम्पूर्ण शर्त र प्रचलित कानून, व्यवस्था तथा प्रावधानको अधिनमा रही स्थापना गरी संचालन गर्नेछु । सो सम्बन्धी कुनै काम परेमा वा कहि कतै प्रश्न उठेमा सो सम्बन्धीको सम्पूर्ण कानुनी प्रमाण पुऱ्याउनु पर्ने दायित्व म स्वयंको रहने छ । अन्यथा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।)

प्रोपाइटरको दस्खतः.....

निवेदकः
लेखात्मक सहीः
रेखात्मक सही
(रेखा स्पष्ट देखिने गरी):
दायाँ **बायाँ**

कबुलियतनामा

लिखितम् .....को नाती/नातिनी ..... को छोरा/छोरी जिल्ला .....गा.पा./न.पा. ..... वडा नं. ..... बस्ने वर्ष ..... को म ..... आगे ..... को प्रोप्राइटरको नामः ..... उल्लेखित प्राइभेट फर्म दर्ता गर्न मैले यस कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानुन र तोकिएको शर्त समेत पालना गरी काम गर्ने छु। सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईंको मञ्जुर छ/छैन भनी कार्यालयबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो। यसमा प्रचलित कानुन र तपसीलमा लेखिएको शर्त उल्लंघन गरेको देखिएमा प्रचलित ऐन कानुन बमोजिम सहुँला बुझाउँला भनी मेरो मनोमान राजी खुशी सँग यो कबुलियतनामाको कागज लेखि यस कार्यालय मार्फत चढाएँ।

तपसील

१) यो नामको प्राइभेट फर्म दर्ता सम्बन्धी प्रचलित कानुन बमोजिम नेपाल राज्य भर वाणिज्य सम्बन्धी कुनै फर्म दर्ता छैन (वाणिज्य फर्म दर्ताको लागि मात्र)। यस अघि दर्ता भएको पाइएमा (वाणिज्य फर्म वा प्रचलित कानुन बमोजिम नमिल्ने प्रकृतिको उद्योग सम्बन्धी फर्म) यो फर्म स्वतः खारेज भएको मानिने छ। यसमा फरक पर्ने छैन, फरक परेकामा प्रचलित कानुन बमोजिम सहन बुझाउन तयार छु। (यस अघि दर्ता भई खारेज भएको प्राइभेट फर्म भए विवरण भर्ने)

फर्मको नामः ..... **दर्ता नं.:** ..... **मितिः** .....

खारेज मितिः .....

२) मेरो नाममा दर्ता गर्ने यो फर्मको पूँजी रकम मेरो र मेरो एकाघरका परिवार सदस्यको वैध स्रोतबाट वैध आय भएको स्वघोषणा गरेको छु। यस सम्बन्धमा कही कतैबाट प्रश्न उठेमा सो सम्बन्धी सम्पूर्ण दायित्व र प्रमाणको जिम्मेवारी म स्वयंले लिने गरी मञ्जूर गरेको र फरक परेमा यसै मञ्जुरीबाट बदर गर्न मेरो राजीखुसीले यो मञ्जुरी गरेको छु।

दस्तखत **दायाँ** **बायाँ**

प्रोप्राइटरको पूरा नामः

इति सम्बत् २०..... साल ..... महिना ..... गते रोज ..... शुभम्।

(सनाखत सम्बन्धी कागजात)

यसमा लेखिएको दस्तखत फाराम तथा कबुलियतनामा म आफै स्वयं शिवराज नगरपालिकामा उपस्थिति भई दर्ता गराएको हुँ। निवेदन सँग संलग्न नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, फोटो तथा अन्य कागजातहरू मेरो आफ्नै हुन माथि उल्लेखित सम्पूर्ण व्यहोरा समेत साँचो हो कुनै फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला भनी सनाखत गर्ने।

प्रोप्राइटरको सहीः

नामः

मितिः

सनाखत गराउने (कार्यालयको तर्फबाट)

- **नामः** .....
- **दस्तखतः [हस्ताक्षर]**
- **मितिः**

टिप्पणी

(कार्यालय प्रयोजनको लागि मात्र)

श्रीमान्, ...नामका प्राइभेट फर्म ..... को नाममा दर्ता गरी पाउन आवश्यक हुने सबै कागजातहरू रितपूर्वक पेश हुन आएको देखिएकाले माग बमोजिम दर्ता गरिदिन मनासिब देखिएकोले निजको नाममा प्राइभेट फर्म दर्ता गरी प्रमाण-पत्र दिनको निमित्त समेत निर्णयार्थ पेश गरेको छु।

पेश गर्नेः ..... **सिफारिस गर्नेः** **सदर गर्नेः**

मितिः .....

साझेदारहरुको काबुलियतनामा

लिखितम हामी तपसिलमा उल्लेखित साझेदारहरु आगे हामीले साझेदारी ऐन २०७६ को अधिनमा रहने रही निम्न व्यवसाय निम्न बमोजिमको शर्त बन्देज र सो बाहेक अन्य विषयमा साझेदारहरुको निर्णयले गर्ने गरी आफ्नो खुशी राजीले साक्षीको रोहवरमा घरेलु कार्यालय कपिलबस्तुमा बसी या कबुलियतनामा गरी एक एक प्रती लियौ दियौ र एक प्रती निवेदन साथ पेश गरेका छौ ।

१. साझेदारहरुले साझेदार व्यवसायमा आफूले लिनेभनी कबुल गरीएको रकम चुक्ता गरी लिएको हिस्स मेनेजर वा अधिकार प्राप्त व्यक्तिवाट प्रमाणित गरीएको भरपाई वा निस्सा पाउने छ । फर्मको पूजी थपघट गर्नु परेमा वा साझेदारहरुले आफ्नो एक हिस्सा छाडी दिनुपरेमा वा बिक्री गर्नु परेमा वा साझेदारहरुबाट हिस्सा खरीद गरी लिनु परेमा बिभागको पूर्व स्वीकृती लिइ गर्न सकिने छ ।

२. फर्मको कार्य संचालनको लागि आवश्यक मेनेजर तथा कामदारहरुको नियुक्ती सेवा शर्त पारिश्रमिक सबै साझेदारहरुको सहमतीबाट हुने छ । यस्ता नियुक्ती गरीएको कर्मचारी मध्ये कसैलाई फर्मको तर्फबाट गरिने कार्यको लागी आवश्यक अधिकारी प्रत्यायोजन गर्न सकिने छ ।

३. फर्मकको आम्दानी खचच चल अचल सम्पती आदी देखिने गरी श्रेस्ता राखिने छ । फर्मको आ.ब श्रावण एक गते देखी आषाढ सम्मको हुनेछ । आर्थिक कारोवारको लेखापरीक्षण आ.व. भुक्तानी भएको ६ महिना भित्र गराईने छ ।

४. फर्मकको आम्दानी कुनै बैकमा राखिने छ । र फर्मले आवश्यक बैक खाता खोल्न सक्ने छ र खाता खोल्ने र सञ्चालन सम्वन्धि निर्णय साझेदारीको सहमतिमा गरिने छ ।

५. मुनाफाको बाड फाँड साझेदारहरुको लगानीको हिस्साको अनुपातमा गरीने छ । नाफाको हिसाब गर्दा आ.ब. पूर्व हुनु अगावै साझेदारहरुको हिस्सा खरिद बिक्री भएको अघिल्ला दिने सम्मको भागीदार साबिकवाला त्यस पछिको नाफा नोक्सानको भागीदार हाल वाला हुनेछ ।

६. साझेदारको स्विकृत बिना फर्मको जायजेथा धितो बन्धक राख्न बेचबिखन गर्न फर्मबाट ऋण लिन पाईने छैन । सबै साझेदारहरुको सहमती बिना कुनै साझेदारले उक्त कार्य गरेमा निज व्यक्तिगत रुपमा जवाफदेही हुनेछ ।

७. फर्मले फर्मको नाममा रहेको धितो राखेर वा नराखेर फर्म सचालनको लागी आवश्यक पर्ने ऋण विभिन्न बैक तथा वित्तिय सम्बन्धित उपयोग गर्न सक्ने तथा जग्गा खरिद बिक्री गर्ने पाउने छ

८. उद्योगको हित विपरित कुनै पनि कार्य गर्न गराउन पाइने छैन यदी कुनै पनि शेयर सदस्यले छती पुराएमा सोहि वाट असूल गरिन्छ ।

९. यसै साथ रिजष्ट्रेशन सम्बन्धि दखास्त फारममा लेखिएको सबै कुरा यसै कबुलियतनामामा समावेश गरीएको भनी ऐन सवाल बमोजिम गरीने गराइने छ । कबुलियतनामा र दरखास्तमा लेखिएको कुरा बदल्नु वा संसोधन गर्नु

परेमा साझेदारहरुको सहमती बाट गरीने छ । साझेदारी ऐन २०७६ सगै बाझिएका जति कुरा स्वत निस्कृय हुनेछन् यस कबुलियत नामामा नखुलेका वा नभएको विषयमा ऐन नियम बमोजिम हुनेछ ।

फर्मको नाम ठेगानाः-

कलपूंजी लगानी रु. :

साझेदारीहरुको नाम ठेगाना-

क्र.सं.	नाम/ठेगाना	लगानी हिस्सा प्रतिशत
१.		
२.		

ईति संवत ..... गते रोज ..... शुभम

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
चलानी नं. मितिः

श्री .....
.....

विषयः प्राइभेट फर्म दर्ता सम्बन्धमा।

तपाईं / तपाईंहरूले समेत मिति..... मा .....गर्ने प्राइभेट फर्म तथा उद्योग दर्ता गरि पाऊँ भनि दिनु भएको निवेदनमा कारबाही हुँदा यस कार्यालयको मिति ..... को निर्णय अनुसार तपसिलमा उल्लेखित शर्तहरू पालना गर्ने गरि प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम प्रा.फ. नं./सा.फ.नं. ..... को उद्योग दर्ता गरि प्रमाण पत्र यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

विवरण

उद्योग फर्मको नामः
उद्योग फर्मको ठेगानाः
उद्देश्यः
कुल पुँजीः

शर्तहरूः

१) पूर्व स्वीकृत विना विदेशी नागरिकलाई उद्योग तथा फर्ममा कामदार वा कर्मचारीको रूपमा राख्न पाईने छैन।
२) नाबालकलाई उद्योग तथा फर्मको काममा लगाउन पाईने छैन।
४) घर छिमेकीलाई बाधा पुग्ने गरि उद्योग तथा फर्म संचालन गर्न पाईने छैन।
५) उद्योग तथा फर्म संचालन गर्दा वातावरण संरक्षण गर्न पर्याप्त ध्यान दिनु पर्नेछ।
७) साईनबोर्ड अनिवार्य राख्नुपर्ने छ।
८) दर्ता गरेको ६ महिना भित्र उद्योग तथा फर्म संचालन गर्नु पर्नेछ, तोकिएको समय भित्र संचालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।
९) उद्देश्य प्राप्तीको लागी फर्म तथा उद्योग संचालन गर्नु पूर्व प्रचलित कानुन बमोजिम अन्य कुनै निकायको स्वीकृत लिने व्यवस्था भएकोमा तत् तत् निकायको स्वीकृत लिए पछि मात्र संचालन गर्ने गरि दर्ता गरिएको छ।
१०) उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गत रही कामकाज गर्नु पर्नेछ।
११) उत्पादित वस्तुको लेबल, ठेगाना, दर्ता नं, मिश्रण प्रविधि, परिमाण, तौल, मूल्य, उत्पादन मिति खुलेको सामाग्री मात्र किनवेच गर्नुपर्नेछ।

बोधार्थः

श्री आन्तरिक राजश्व कार्यालय, कृष्णनगर, कपिलवस्तु।

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
चलानी नं. मितिः

श्री .....
.....

विषयः उद्योग दर्ता सम्बन्धमा।

तपाईं / तपाईंहरूले समेत मिति..... मा .....गर्ने प्राइभेट फर्म तथा उद्योग दर्ता गरि पाऊँ भनि दिनु भएको निवेदनमा कारबाही हुँदा यस कार्यालयको मिति ..... को निर्णय अनुसार तपसिलमा उल्लेखित शर्तहरू पालना गर्ने गरि प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम प्रा.फ. नं./सा.फ.नं. ..... को उद्योग दर्ता गरि प्रमाण पत्र यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

विवरण

उद्योग फर्मको नामः	कुल पुँजीः
उद्योग फर्मको ठेगानाः	क) स्थिर पुँजीः
उद्देश्यः	ख) चालू पुँजीः
विद्युत शक्तिः	कामदार संख्याः
परिमाणः	वार्षिक उत्पादन क्षमताः

शर्तहरूः

१) पूर्व स्वीकृत विना विदेशी नागरिकलाई उद्योग तथा फर्ममा कामदार वा कर्मचारीको रूपमा राख्न पाईने छैन।
२) नाबालकलाई उद्योगको काममा लगाउन पाईने छैन।
३) औद्योगिक कच्चा पदार्थको व्यवस्था स्वयं गर्नु पर्नेछ।
४) घर छिमेकीलाई बाधा पुग्ने गरि उद्योग तथा फर्म संचालन गर्न पाईने छैन।
५) उद्योग तथा फर्म संचालन गर्दा वातावरण संरक्षण गर्न पर्याप्त ध्यान दिनु पर्नेछ।
६) उद्योग तथा फर्मको कार्य प्रगती विवरण चौमासिक रूपमा पठाउनु पर्नेछ।
७) साईनबोर्ड अनिवार्य राख्नुपर्ने छ।
८) दर्ता गरेको ६ महिना भित्र उद्योग तथा फर्म संचालन गर्नु पर्नेछ, तोकिएको समय भित्र संचालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ।
९) उद्देश्य प्राप्तीको लागी फर्म तथा उद्योग संचालन गर्नु पूर्व प्रचलित कानुन बमोजिम अन्य कुनै निकायको स्वीकृत लिने व्यवस्था भएकोमा तत् तत् निकायको स्वीकृत लिए पछि मात्र संचालन गर्ने गरि दर्ता गरिएको छ।
१०) उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गत रही कामकाज गर्नु पर्नेछ।
११) उत्पादित वस्तुको लेबल, ठेगाना, दर्ता नं, मिश्रण प्रविधि, परिमाण, तौल, मूल्य, उत्पादन मिति खुलाउनु पर्नेछ।

बोधार्थः
श्री आन्तरिक राजश्व कार्यालय, कृष्णनगर, कपिलवस्तु।

परियोजनाको विवरण

१. उद्योगको नामः

२. उद्योग रहने स्थलः ..... प्रदेश ..... जिल्ला ..... न.पा/गा.पा. वडा नं.....

३. पत्राचारको ठेगाना र फोन नं.ः

सम्पर्क व्यक्तिको नामः

४. विशेष आर्थिक क्षेत्रको नामः —

५. उद्योगको स्तरः [ ] साना [ ] मझौला [ ] ठूला

६. उद्योगको कानुनी रुपः [ ] निजी फर्म [ ] साझेदारी फर्म [ ] प्रा.लि. कम्पनी [ ] पब्लिक लिमिटेड कम्पनी

७. उद्योगको वर्गः [ ] ऊर्जामूलक उद्योग [ ] उत्पादन मूलक उद्योग [ ] कृषि तथा वन पैदावार आधारित उद्योग
[ ] खनिज उद्योग [ ] निर्माण उद्योग [ ] सेवामूलक उद्योग [ ] पर्यटन उद्योग
[ ] सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

८. (क) उद्योग सञ्चालन हुने दिन प्रति वर्षः ..... शिफ्टः.....

(ख) उत्पादन हुने वस्तु वा सेवाको विवरणः

सि.नं.	वस्तु वा सेवाको विवरण	वार्षिक क्षमता	इकाइ	बिक्री मूल्य दर (रु.)	कुल बिक्री मूल्य (रु.)

९. परियोजना लागत तथा लगानीको स्रोतः

	लगानी (रु.)	लगानीको स्रोत	
		स्वः लगानी (रु.)	ऋण लगानी (रु.)
स्थिर पूँजी			
चालु पूँजी			
कुल पूँजी			

१०. स्थिर पूँजीको विवरणः

सि.नं.	विवरण	रकम (रु.)	कैफियत
१	जग्गा (क्षेत्रफल .....)		
२	भवन (क्षेत्रफल .....)		
३	मेसिनरी उपकरण		
४	फर्निचर फिक्सचर, अफिस उपकरण		
५	सवारी साधन		
६	पूर्व संचालन खर्च		
७	अन्य		
८	कुल स्थिर पूँजी		

११. चालु पूँजीको विवरण

सि.नं	विवरण	रकम (रु.)
१	कच्चा पदार्थ (..... महिना/दिनको लागी)	
२	अर्ध तयारी वस्तु	
३	उधारो (..... महिना/दिनको लागी)	

४	अन्य	
	कुल	

१२. मेशिनको विवरण

सि.नं	नाम	आवश्यक संख्या	मूल्य (रु.)

नोटः- आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्य बारे पुष्ट्याई पेश गर्नुपर्नेछ ।

१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरण

सि.नं.	कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामाग्रीको नाम	एकाइ	दर	वार्षिक आवश्यक परिमाण	कुल रकम

१४. उद्योगलाई आवश्यक पर्ने विदेशी मुद्राः

कच्चा पदार्थको वार्षिक परिमाणका लागिः .....

मेशिनको लागिः .....

अन्यः .....

जम्माः .....

१५. जनशक्ति विवरणः

विवरण	संख्या		
कर्मचारी (प्रशासनिक)			
कर्मचारी (प्राविधिक)			
कामदार उच्च दक्ष			
दक्ष			
अर्धदक्ष			
अदक्ष			
जम्मा			

१६. उद्योगमा प्रयोग हुने इन्धन तथा पानी

किसिम	वार्षिक परिमाण/क्षमता	एकाइ	स्रोत
विद्युत शक्ति		के.भी.ए.	
डिजेल		कि.लि.	
LDO, फर्नेश आयल		कि.लि.	
कोइला		मे.टन	
धानको भुस		मे.टन	
पानी		लि.	
अन्य			

१७. उद्योग संचालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरु

वातावरणीय अवयवहरु	दुरी/विवरण	प्रतिकुल असर		प्रतिकुल असर न्यूनीकरणका उपायहरु
		हुने	नहुने	
जलस्रोत				
कृषिजन्य भूमि				
वन स्रोत				
मानव वस्ती				
विद्यालय				
अस्पताल वा स्वास्थ्य केन्द्र				
धार्मिक/साँस्कृतिक सम्पदा				
अन्य (उल्लेख गर्ने)				

१८. मुख्य लगानीकर्ताको विवरण

विवरण	१	२	३
लगानीकर्ताको नाम			
बाबुको नाम			
बाजेको नाम			
नागरिकता/राहदानी			
पत्राचारको ठेगाना			
फोन नं.			
इमेल			
लगानीको प्रतिशत			
हस्ताक्षर			

१९. विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको विवरण

(क) नाम, थरः- .....

(ख) मुलुकः- .....

(ग) राहदानी नम्बरः- .....

(घ) जारी भएको स्थानः- .....

(ङ) वहाल अवधिः- .....

(च) भिसा नम्बरः- .....

(छ) जारी गरेको स्थानः- .....

(ज) अवधिः- .....

(झ) मूल कम्पनीको आधिकारीक पत्रः [ ] भए / [ ] नभएको पत्राचार गर्ने ठेगानाः- .....

स्थानीय प्रतिनिधिको नाम र ठेगानाः- .....

सम्पर्क नं.	फोन नं.	फ्याक्स नं.	इमेल

नोटः-

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पुरा ठेगाना समेत खुलाउनु पर्नेछ ।

२. वातावरण संरक्षण नियमावली, २०५४ को नियम २ र ६ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भएमा सो सम्बन्धी प्रक्रिया पूरा गर्नु पर्नेछ ।

३. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ पर्याप्त नभएमा छुट्टै भरी पेश गर्न सकिने छ ।

५. व्यावसायिक उत्पादन वा कारोबार शुरु भएको मितिले तीन महिना भित्र पुनः यो फाराम भरी विवरण अध्यावधिक गर्नु पर्नेछ।

श्री .....,

.....।

विषयः जरिवाना रकम दाखिला सम्बन्धमा।

प्रस्तुत विषयमा यस शिवराज नगरपालिकाको बजार अनुगमन टोलीले बजार अनुगमन गर्ने क्रममा तपाईं/तपाईंको फर्मबाट .....गरिएको पाइएकोले **शिवराज नगरपालिका व्यवसाय सञ्चालन ऐन, २०८२** को दफा ..... बमोजिम रु. ...../- (अक्षरेपी ..... मात्र) जरिवाना निर्धारण गरिएको छ। अतः तोकिएको जरिवाना रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड शाखा कार्यालय, चन्द्रौटामा रहेको आन्तरिक राजश्व खाता नं. ..... शीर्षक नं. ..... वा नगर कार्यपालिकाको राजश्व शाखामा यथाशीघ्र दाखिला गरी सोको भौचर यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ।

प्रमाणिकरण मितिः २०८३/०३/१०

आज्ञाले,
पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत